स्थायी लेखा नं. : ३०३८३६९२२
दर्ता नं. : ३०/०५२/०५३

"नियमित बचत गर्ने बानी बसालौं"

# सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.

स्था : २०५२

★ इलाम ★


**सम्पर्क**

फोन : ०२७-५२१७९७

Email : Sungava.cooperative@gmail.com

"नियमित बचत गर्ने बानी बसालौं"

## १. परिचय (Introduction)

सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.,प्रदेश नं.१ मातहतको इलाम जिल्ला सदरमुकाम इलाम नगरपालिका वडा नं. ७, इलाममा अवस्थित सहकारी संस्था हो । स्थानिय बासिन्दाहरुले आर्जन गरेको आयबाट थोरै भएपनि नियमित रुपले बचत जम्मा गर्ने बानीको विकास तथा समुदायवीच स्वावलम्बन पारस्परिक सहयोगको विकास गरी आर्थिक रुपमा सवल बनाउने उद्धेश्यका साथ साप नेपाल sap nepal को दिर्घकालिन साझेदारी कार्यक्रम अर्न्तगत बचत कार्यक्रमलाई अगाडी बढाउने उद्धेश्यले तत्कालिन सुनगाभा क्लबका कोषाध्यक्षलाई प्रशिक्षणमा पठाइयो । प्रशिक्षणबाट फर्किए पश्चात पेश गरिएको प्रतिवेदन अनुसार बचत कार्यक्रम संचालन गर्ने निर्णय गरियो । तत्कालिन सुनगाभा क्लबका अध्यक्षको अध्यक्षतामा संस्थाका पदाधिकारीहरुको वैठक २०५२ भाद्र ३ गते बस्यो । उक्त बैठकले बचत तथा ऋण सहकारीको गठन गर्ने निर्णय गर्‍यो । उक्त समितिलाई सहकारी संस्था गठन गर्न आवश्यक कार्य सम्पन्न गर्न सम्पुर्ण अधिकार दिइयो । उक्त समितिले आवश्यक तयारी पुरा गरेर सहकारी ऐन २०४८ अनुसार २०५२ भाद्र १६ गते प्रारम्भिक भेला सम्पन्न गर्‍यो । उक्त भेलाले दिनेश काफ्लेको संयोजकत्वमा तदर्थ समिति गठन गरी आवश्यक निर्णय गर्‍यो । दर्ता प्रकृयाको आवश्यक तयारी पुरा भएपछि तत्कालिन जिल्ला सहकारी कार्यालयमा आवेदन गरीयो र २०५२ पुस १८ गते सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.इलाम नामको संस्था विधिवत दर्ता भएपछि यसले आफनो कार्य प्रारम्भ गर्‍यो । संस्था स्थापना पश्चात प्राविधिक कारणबस यो संस्था केही समय निष्कृय रहन गयो । २०६० साल असार ७ गते सम्पन्न साधारण सभाले नयाँ कार्य समितिको चयन गरेपछि यसले पुनः आफनो सकृयतालाई बढाउदै लग्यो र आजको दिनमा आई पुग्न सफल भयो ।

## २.दुरदृष्टि (Vision)

समुदायमा आधारित दिगो, भरपर्दो, सक्षम तथा सदस्यहरुको सम्पुर्ण बित्तिय आवश्यकता पुरा गर्ने उत्कृष्ठ सहकारी संस्था ।

## ३.ध्येय (Mission)

सक्षम,सवल र सिद्धान्त अनुरुप सदस्यहरुको आर्थिक, सामाजिक तथा सुशासन युक्त, प्रबिधीमैत्री र प्रतिस्पर्धी बित्तीय सहकारी संस्था ।



# "नियमित बचत गर्ने बानी बसालौं"

## ४.लक्ष्य (Goal)

- आगामी चार बर्षको अन्तमा सेवा तथा सदस्यहरुको बृद्धि गरि सक्षम र सवल संस्था बनाउने ।
- निती,बिधी र प्रबिधीहरुलाई समयानुकुल परिमार्जन र परिस्कृत गर्ने गराउने ।
- सदस्य तथा संस्थाको हितमा रही अन्य बितिय क्षेत्रहरुसंग समन्वय र सहकार्य गर्ने ।
- सदस्यहरुको हितकारी कार्यको लागि समन्ता र समता अनुरुप राहात तथा आय आर्जनका कार्यहरु संचालन गराउने ।

## ५.उद्देश्य (Objectives)

सदस्यहरुको समाजिक आर्थिक र सांस्कृतिक हितलाई ध्यानमा राखि देहायमा उल्लेख भए बमोजिमका काम कार्यवाही गर्ने संस्थाको उद्धेश्य रहनेछ ।

क) संस्थामा संलग्न सदस्यहरु र जनसमुदायबीच स्वावलम्वन, पारस्पारिक सहयोग एवं मितव्ययिताको अभिबृद्धि गरि नियमित बचत गर्ने बानी प्रवर्द्धन गर्ने,

ख) नियमित रुपमा सदस्यहरुबाट निक्षेप प्राप्त गर्नुका साथै उनीहरुले गरेका निक्षेपमा प्रतिस्पर्धात्मक दरमा व्याज दिने,

ग) उत्पादनशील, आयमुलक, सीपमुलक उद्धेश्यका लागि सदस्यहरुलाई उचित व्याज दरमा ऋण प्रदान गर्ने,

घ) आत्मनिर्भरता तथा आत्मविश्वास सम्वन्धि धारणावारे सदस्यहरुलाई उत्प्रेरित गर्ने,

ङ) सदस्यहरुलाई आय आर्जन क्षमतामा बृद्धि गर्नका लागि आवश्यक मद्दत र जानकारी उपलब्ध गराउने,

च) सदस्यहरुको आर्थिक अवस्थामा सुधार गर्न सक्ने किसिमका अन्य क्रियाकलाप संचालन गर्ने,

छ) साधारण जनताका आर्थिक अवस्थाको विकास र प्रवर्द्धनमा समर्पित राष्ट्रिय तथा अन्तराष्ट्रिय संगठनहरुको दाँजोमा पुग्ने, उद्देश्य लिई गठित केन्द्रीय संघको सदस्यता ग्रहण गर्ने,

ज) दर्तावाला संघ संस्थाहरुबाट पारस्परिक सहमतिका आधारमा संस्था र सदस्यका हितमा प्राप्त हुने चन्दा तथा अनुदान स्वीकार गर्ने,

झ) आफनो उद्देश्य पुरा गर्नका लागि समान उद्देश्य भएका स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तराष्ट्रिय संस्थाहरुसंग सहयोगात्मक भावना राख्ने,



## "नियमित बचत गर्ने बानी बसालौं"

### अन्य सेवा तर्फ

- रेमिट्यान्स सेवा
- डिसहोम, ADSL लगायतका रिचार्ज सेवाहरु
- विद्युत महशुल भुक्तानी सेवा

## ६ .आवद्धता (Affiliation)

- बचत तथा ऋण सहकारी संघ लि.
- आन्तरिक राजश्व कार्यालय
- इलाम नगरपालिका
- जिल्ला सहकारी संघ लि.
- नेफस्कुन
- राष्ट्रिय सहकारी बैंक

### क. संस्थागत क्षमता विकास:

- बचत तथा ऋण परिचालन र ब्यवस्थापनको लागि दक्ष जनशक्ति तयार गरिने छ ।
- शेयरसदस्यहरुलाई सहकारीको सिद्धान्त, मुल्य, मान्यता अनुरुप सहकारी शिक्षा संचालन गरिनेछ ।
- सरोकारवालाहरुसंग सहकार्य र समन्वय गरिने छ ।
- अध्ययन अवलोकन भ्रमणको आवश्यक्ता अनुसार ब्यवस्था गरिने छ ।

### ख. उद्यमशिलता विकास कार्यक्रम :

- सदस्यहरुको माग वमोजिम उद्यमशिलता विकास तालिमहरुको आयोजना वा सम्बन्धित निकायसंग सहकार्य गरि तालिममा सहभागिता गराइने छ ।
- संस्थाका सदस्यहरुलाई ब्यवसायमा संलग्न गराई उद्यमी बनाइने छ ।

### ग. सम्पर्क र समन्वय :

- तिनै तहका सरकारहरुसंग समन्वय र सर्म्पक गरिने छ ।
- साझेदार संघ संस्थाहरुसंग समयसमयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम तय गरिने छ ।
- आवश्यक्ता अनुसार अन्य गैर सरकारी तथा निजि र्फमहरुसंग सम्बन्ध विस्तार गरिने छ ।

### घ. बजार योजना

आगामी चार वर्षमा यस संस्थाले हालको ९१९ जना शेयर सदस्यबाट वृद्धि गरी २००० जना पुऱ्याईनेछ । जसमा विपन्न दलित, जनजाति, एकल, उद्यमी, दैनिक ज्यालादारी, किसान, अपाङ्ग, युवा महिलाहरु र व्यापारीहरु यस संस्थाका सदस्य रहने छन् । उनीहरुलाई संस्थाले प्रदान गर्ने सेवाहरुको बारेमा जानकारी दिलाउन स्थानिय स्तरमा सहकारी शिक्षा शिबिर र अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।

संस्थाले यसलाई राम्रो अवसरको रुपमा ग्रहण गर्दै आफ्ना सेवा तथा कारोवारलाई केन्द्रित गर्नेछ यसले गर्दा हाम्रो संस्थाको सदस्यता तथा सक्षमतामा पनि वृद्धि हुनेछ र यस क्षेत्रमा हाम्रो सहकारी संस्थाको प्रभाव निरन्तर रहनेछ ।

### ङ. संस्थागत योजना

यस संस्थाको रणनीतिक तथा व्यवसायिक योजना बमोजिम आगामी दिनहरुमा कारोवारमा बृद्धि, ऋण सम्पतिको गुणस्तरता, संस्थागत सेवाहरुमा विविधिकरण, संस्थागत प्रभावकारिता, संस्थागत क्षमता विकास, उद्यमशिलता विकास कार्यक्रम, सम्पर्क र समन्वय लगायतका क्रियाकलापहरुलाई तदारुकताका साथ कार्यान्वयनमा जोड दिइने छ ।

# "नियमित बचत गर्ने बानी बसालौं"

ञ) सदस्यहरुको संबृद्धि र विकासको अधिकतम हितलाई ध्यानमा राखी सहकारी ऐन, नियमहरु र विनियममा व्यवस्था भए बमोजिम दैनिक कार्य सन्चालनका साथै चल अचल सम्पति आर्जन गर्ने, क्रय विक्रय गर्ने विनिमय गर्ने, हस्तान्तरण गर्ने चन्दा दिने धरौटी राख्ने, बन्धक राख्ने आदि कार्य गर्ने,

ट) सदस्यहरु तथा संस्थागत विकासका लागि आय आर्जन परियोजना सन्चालन गर्ने,

ठ) समाजका कमजोर वर्ग र निम्न आय भएका व्यक्ति वा समुहको आर्थिक सामाजिक उत्थानमा सहयोग पुऱ्याउने,

ड) अन्य संघ संस्थाबाट ऋण लिने र दिने ।

## बचत सेवा तर्फ

| बचतको प्रकार | ब्याज दर | कैफियत |
|---|---|---|
| नियमित(मासिक ) बचत | ९ प्रतिशत | |
| दैनिक बचत | ७ प्रतिशत | |
| बाल बचत | १० दखि १२ प्रतिश | शेयर खरिद गर्नु नप |
| ऐच्छिक बचत | ८ प्रतिशत | शेयर खरिद गर्नु नप |
| जेष्ठ नागरिक बचत | १० प्रतिशत | शेयर खरिद गर्नु नप |
| आवधीक बचत | १० देखि ११ प्रतिश | शेयर खरिद गर्नु नप |
| बिषेश बचत | १० प्रतिशत | शेयर खरिद गर्नु नप |
| चाडपर्व बचत | ७ प्रतिशत | शेयर खरिद गर्नु नप |
| भ्रमण बचत | ७ प्रतिशत | शेयर खरिद गर्नु नप |
| शिक्षा(शैक्षिक) बचत | ८ प्रतिशत | शेयर खरिद गर्नु नप |
| सुनगाभा सुनौलो भबिश्य ब | १० प्रतिशत | शेयर खरिद गर्नुपर्ने |
| स्वास्थ्य उपचार बचत | ७ प्रतिशत | शेयर खरिद गर्नु नप |
| घरायसी उपकरण खरिद बच | ७ प्रतिशत | शेयर खरिद गर्नु नप |
| कर्मचारी बचत | १० प्रतिशत | शेयर खरिद गर्नु नप |

## ऋण सेवा तर्फ

१. कृषि तथा पशुपालन ऋणमा १४ प्रतिशत ब्याजदर लिइने ।
२. महिला उधमशिलता विकास ऋणमा १२ प्रतिशत ब्याजदर लिइने ।
३. हायर पर्चेजिङ्ग ऋणमा १५ प्रतिशत ब्याजदर लिइने ।
४. आकस्मिक ऋणमा १२ प्रतिशत ब्याजदर लिइने ।
५. स्वास्थ्यउपचारार्थ ऋणमा १४ प्रतिशत ब्याजदर लिइने ।
६. ब्यवसाय ऋणमा १५ प्रतिशत ब्याजदर लिइने ।
७. घर जग्गा खरिद, विक्रि ऋणमा १५ प्रतिशत ब्याजदर लिइने ।
८. सामाजिक ऋणमा १५ प्रतिशत ब्याजदर लिइने ।

